# काठमाँडौंमा घरेलु बाल श्रमिकको अवस्था

# सर्वेक्षण प्रतिवेदन २००९



समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका

(सिविस)

चावहिल काठमाँडौ

**www.cwish.org.np**

# काठमाँडौंमा घरेलु बाल श्रमिकको अवस्था २००९

समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस) ले विगत १६ बर्षदेखि घरेलु बाल श्रमको क्षेत्रमा शिक्षा, जनवकालत, उद्दार, कानुनी सहायता, सशक्तिकरण लगायतका विविध कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यस सन्दर्भमा हरेक बर्ष बाल श्रम विरुद्द विश्व दिवसको सन्दर्भ पार्दै सिविसले घरेलु बाल श्रमको क्षेत्रमा आएका प्रवृत्तीगत परिवर्तनहरुको तथ्यांक सार्वजनिक गर्दै आइरहेको छ । यस सन्दर्भमा सन् २००९ मा काठमाँडौ उपत्यकामा घरेलु बाल श्रमिकहरुको अवस्थाको बारेमा पहिचान गर्न ९ वटा वडाहरुमा घरधुरी सर्वेक्षण गरेको थियो । काठमाँडौ महानगरपालिका अन्तर्गतका सघन शहरी क्षेत्र देखि विकासोन्मुख शहरी क्षेत्रसमेतलाई समानुपातिक रुपमा नमुना लिइ त्यस क्षेत्रका सबै घरधुरीहरुमा सर्वेक्षण गरिएको थियो । यसका लागि सिविसले स्थानीय बाल संरक्षण समिति, सामुदायिक प्रहरी तथा सेवा समितिहरु र काठमाँडौ महानगरपालिका र यसका वडा कार्यालयहरुसँग सहकार्य गरेको थियो । सिविसले काठमाँडौं महानगरपालिका क्षेत्रका वडा नं. ३, ६, ७, १४, ३१, ३२, ३३, ३४ र ३५ गरी ९ वटा वडाहरुमा सर्वेक्षण सम्पन्न गरेको थियो । सर्वेक्षण गरिएका वडाहरुमा २३२४ घरेलु श्रमिकहरुको सर्वेक्षणबाट पहिचान भएका थिए । वडागत रुपमा घरधुरी, परिवार संख्या तथा घरेलु श्रमिकहरुको अनुपात निम्नानुसार पाइएको छ :

| वडा नं. | सर्वेक्षण गरिएको घर संख्या | सर्वेक्षण गरिएको परिवार संख्या | पहिचान भएका घरेलु श्रमिकको संख्या | सर्वेक्षण गरिएको घरेलु श्रमिकको संख्या | घरधुरी र परिवार तथा घरेलु श्रमिकको अनुपात |
|---|---|---|---|---|---|
| वडा नं. ३ | 3856 | 7715 | 391 | 251 | 20 |
| वडा नं. ६ | 2798 | 5105 | 168 | 153 | 30 |
| वडा नं. ७ | 2153 | 4932 | 171 | 242 | 29 |
| वडा नं. १४ | 3499 | 11756 | 509 | 402 | 23 |
| वडा नं. ३१ | 783 | 3340 | 119 | 110 | 28 |
| वडा नं. ३२ | 2147 | 5264 | 373 | 234 | 14 |
| वडा नं. ३३ | 2236 | 4472 | 347 | 218 | 13 |
| वडा नं. ३४ | 5299 | 10869 | 1215 | 424 | 9 |
| वडा नं. ३५ | 3960 | 17677 | 410 | 290 | 43 |
| **जम्मा** | **26731** | **71130** | **3703** | **2324** | **19** |

**घरेलु श्रमिकको अवस्था विवरण**

- कुल २३२४ घरेलु श्रमिकहरु मध्ये १५७५ (६७.७७ प्रतिशत) महिला तथा ७४९ (३२.२३ प्रतिशत) पुरुषहरु पाइएको छ । बालबालिकाको सन्दर्भमा भने १४ बर्ष भन्दा कम उमेर समुहमा ६५ प्रतिशत बालिका र ३५ प्रतिशत बालक पाइएको छ भने १४ देखि १८ बर्ष उमेर समुहमा ६२ प्रतिशत बालिका र ३८ प्रतिशत बालक पाइएको छ ।
- उमेरका आधारमा हेर्ने हो भने कुल २३२४ मध्ये १४२९ जना (६१.४८ प्रतिशत) १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरु, ५३५ जना (२३.०२ प्रतिशत) १८ बर्षभन्दा बढी उमेरका वयस्कहरु पाइएको छ । ३६१ जनाले (१५.५३ प्रतिशत) भने आफ्नो उमेर निश्चित गर्न सकेनन् । यसरी उमेर बताउन नचाहनेहरु अधिकांश बालबालिकाहरु पाइएको थियो । यस मध्ये पनि ६९६ जना झण्डै ३० प्रतिशत १४ बर्ष भन्दा कम उमेरका बालबालिकाहरु पाइएको थियो । १४ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई काममा लागउनु कानुनी अपराध हो ।
- ठुलो संख्यामा घरेलु श्रमिकहरुको जन्म दर्ता नभएको पाइएको छ । ५०.३४ प्रतिशत ११७० जनाले मात्र आफ्नो जन्म दर्ता भएको बताएका छन् भने बाँकी ११५४ जना (४९.६६ प्रतिशत) ले भने आफ्नो जन्म दर्ता नभएको बताएका छन् । बाल श्रमिकहरुको सन्दर्भमा हेर्ने हो भने १४२९ मध्ये ६६२ जनाले (४६.३२ प्रतिशत) मात्र जन्म दर्ता भएको बताएका छन् ।
- जातजातीका आधारमा पहिचान गर्दा अधिकांश घरेलु श्रमिकहरु जनजाती समुदायबाट आएको पाइएको छ । कुल २३२४ मध्ये १२८१ (५५.१ प्रतिशत) जनजाती, ५१२ (२२ प्रतिशत) क्षेत्री, ३८९ (१६.७ प्रतिशत) ब्राम्हण र ५६ जना (२.४ प्रतिशत) दलित समुदायको पाइएको छ । ८६ जनाले जातजाती बताउन चाहेनन् । यस क्षेत्रमा रहेका बालश्रमिकहरुलाई हेर्ने हो भने दलित समुदायबाट आएकाहरुमध्ये ८५.७१ प्रतिशत (४६/५६), जनजातीमा ६४.३२ प्रतिशत (८१८/१२८१), ब्राम्हणमा ६५.८१ प्रतिशत (२४९/३८९) तथा क्षेत्री समुदायमा ५८.७९ प्रतिशत (२९५/५१२) १८ बर्षभन्दा कम उमेरका बालबालिकाहरु पाइएको छ ।
- काठमाँडौमा काम गरिरहेका २३२४ घरेलु श्रमिकहरुको गृह जिल्लाको पहिचान गर्दा काठमाँडौ उपत्यकाबाट मात्र २४० जना रहेको पाइएको छ । त्यसै गरी काभ्रे (१९८), दोलखा (१५९), धादिंग (१४९), सिन्धुपाल्चोक (१४४) र रामेछाप (१२३) मुख्य ५ जिल्लाका रुपमा देखा परेका छन् । त्यसैगरी ११० जनाले आफ्नो गृहजिल्ला बताउन सकेनन् ।
- सर्वेक्षणमा सहभागी कुल २३२४ घरेलु श्रमिकहरुमध्ये २४३ जना (१०.४६ प्रतिशत) गैरआवासीय (आंशीक कालिन) तथा बाँकी २०८१ जना (८९.५४ प्रतिशत) पूर्णकालिन घरेलु श्रमिकहरु पाइएको छ ।
- अधिकाँश घरेलु श्रमिकका अभिभावक तथा परिवारहरुलाई उनीहरुले कहाँ काम गरिरहेका छन् भन्ने थाहा भएको बताएका छन् । कुल २३२४ घरेलु श्रमिकहरुमध्ये २२५१ जनाले (९६.८५ प्रतिशत) यस्तो उत्तर दिएका हुन् ।

- ८६.४५ प्रतिशत (२००९) घरेलु श्रमिकहरुले नियमित रुपमा परिवारसँग भेटघाट तथा सम्पर्क गर्न पाइने गरेको बताएका छन् । १४२९ बाल श्रमिकहरुको सन्दर्भमा १३१७ जनाले परिवारसँग भेटघाट गर्न पाइने गरेको बताएका छन् ।
- घर तथा परीवार नै छाडेर श्रममा संलग्न हुनुपर्ने कारणमा १४२९ बालश्रमिकहरुले विभिन्न कारणहरु बताएका छन् । एक वा एक भन्दा बढी कारणले गर्दा बालबालिकाहरु यस श्रममा आएको देखिन्छ । ९५.७३ प्रतिशत ( १३६८) आर्थिक गरिबीका कारणले, ३२.८९ प्रतिशत (४७०) शिक्षाको आशाले, ५.४६ प्रतिशत (७८) घरेलु हिंसाले, ११.६२ (१६६) शहरी आकर्षणले र ०.८४ प्रतिशत (१२) सशस्त्र द्वन्दका कारणले घर छाडेर श्रममा संलग्न हुन परेको बताएका छन् । झण्डै २२ प्रतिशत घरेलु श्रमिकहरुले रोजगारदातासँग कुनै पनि किसिमको सम्झौता नभएको बताएका छन् ।
- यसरी घर छाडेर श्रममा संलग्न भएका बाल श्रमिकहरुलाई विभिन्न व्यक्ति तथा परिवारका सदस्यहरु स्वयंले यस क्षेत्रमा संलग्न गराएको पाइएको छ । कुल १४२९ घरेलु बाल श्रमिकहरुमध्ये ५३.३३ प्रतिशत (७६२) लाई बाबुआमाले, २१.४१ प्रतिशत (३०६) लाई परिवारका अन्य सदस्यले, १९.२० प्रतिशत (२७४) लाई कथीत नातेदारहरुले, ५.५७ प्रतिशत (८०) गाउँका अन्य व्यक्तिहरुले र ०.४९ प्रतिशत (७) लाई नचिनेका व्यक्तिहरुले श्रमक्षेत्रसम्म ल्याएको बताएका छन् ।
- २३२४ मध्ये १८१६ जनाले (७८.१४ प्रतिशत) रोजगारदातासँग काम शुरु गर्नु अघि सम्झैता गरेको बताएका छन् । यसरी सम्झौता गर्नेहरुमा अधिकांशले १७६५ले मौखिक र ५० जनाले मात्र लिखित सम्झैता गरेको बताएका छन् ।
- कुल २३२४ घरेलु श्रमिकहरुमध्ये अधिकांशले विहान सबेरै देखि काम शुरु गर्ने र राती अबेर सम्म काम गर्ने गरेको बताएका छन् । ४२.५१ प्रतिशत (९८८) जनाले विहान ६ बजेभन्दा अगाडी नै तथा ४५.९६ प्रतिशतले (१०६८) जनाले विहान ६ देखि ८ बजेभित्रमा काम गर्न शुरु गर्ने गरेको बताएका छन् । त्यस्तै ६४.४६ प्रतिशत (१४९८) जनाले साँझ ८ बजेदेखि १० बजेसम्म काम सकाउने, १८.०७ प्रतिशत (४२०) जनाले राती १० बजे पछीमात्र काम सकिने गरेको र केवल ५.८५ प्रतिशत (१३६) जनाले मात्र साँझ ६ बजेसम्म काम सम्पन्न गरिसक्ने बताएका छन् । १८ बर्ष भन्दा कम उमेरका १४२९ बाल श्रमिकहरुको सन्दर्भमा भने ४३.६० प्रतिशत (६२३)ले विहान ६ बजेभन्दा अगावै काम शुरु गर्ने र ८७.२६ प्रतिशतले (१२४७) ले साँझ ६ बजेभन्दा पछी पनि काम गरिरहने बताएका छन् । यी मध्ये १७.९८ प्रतिशत ( २५६) ले त झन राती १० बजे भन्दा पछी मात्र काम सकिने गरेको बताएका छन् ।
- यस अवधीमा घरेलु श्रमिकहरुले गर्ने कामको प्रकृतीलाई हेर्दा ६०.६३ प्रतिशतले भान्छाको काम, ७१.३० प्रतिशतले सरसफाइको काम, १६.८७ प्रतिशतले बालबालिका तथा वृद्दवृद्दाको हेरचाहको काम, ४.०९ प्रतिशतले रोजगारदाताको ब्यबशायमा सघाउने काम, २९.३९ प्रतिशतले किनमेलको काम र ५.९४ प्रतिशतले यी उल्लेख भएका सबै कामहरु गर्ने गरेको बताएका छन् ।
- सर्वेक्षणमा सहभागी घरेलु श्रमिकहरुको दैनिक काम गर्ने समयको बारेमा अध्ययन गर्दा ३२.५७ प्रतिशत घरेलु श्रमिकहरुले दैनिक ६ देखि ८ घण्टा, २८.७४ प्रतिशतले दैनिक ४ देखि ६ घण्टा, १४.२९ प्रतिशतले दैनिक ४

घण्टा वा त्यसभन्दा कम, १०.०७ प्रतिशत घरेलु श्रमिकहरुले दैनिक ८ देखि १० घण्टा र ८.६५ प्रतिशतले दैनिक १० घण्टाभन्दा बढी काम गर्ने गरेको बताएका छन् ।

- १८ बर्षभन्दा कम उमेरका बाल श्रमिकहरुको कार्यसमय हेर्दा १४.१४ प्रतिशत (२०२), ४ घण्टा वा सो भन्दा कम, ३०.७२ प्रतिशत (४३९) ४ देखि ६ घण्टा, ३१.८४ प्रतिशत (४५५) ६ देखि ८ घण्टा, १०.२२ प्रतिशत (१४६) ८ देखि १० घण्टा, ८.१२ प्रतिशत (११६) १० घण्टाभन्दा बढी समय दैनिक काम गर्ने गरेको पाइएको छ । नेपालको प्रचलित कानुन अनुसार बालबालिका लाई दैनिक ६ घण्टाभन्दा बढी समय काममा लागउन पाइदैन ।
- घरेलु श्रमिकहरुको कम काम हुने समयको पहिचान गर्दा अधिकांशले अर्थात ८०.३ प्रतिशतले दिउँसोको समय फुर्सदिलो हुन सकिने बताएका छन् । त्यसैगरी ९.८१ प्रतिशतले साँझको समय, ७.८३ प्रतिशतको विहान र ४ प्रतिशतले केवल विदा र पर्वहरुमा मात्र फुर्सद पाउने गरेको बताएका छन् ।
- यती धेरै काम गरेपछी पनि १०.२० प्रतिशत (२३७) घरेलु श्रमिकहरुले कुनै पनि किसिमको तलब नपाउने गरेको, १८.३७ प्रतिशत (४२७) लाई तलबको बारेमा केही पनि थाहा नभएको र ६.०७ प्रतिशत (१४१) जनाले केही पनि नबताएको पाइयो । मासिक तलब प्राप्त गर्ने घरेलु श्रमिकहरुमध्ये ४५.४० प्रतिशत (१०५५) ले रु.१००० भन्दा बढी, १३.३८ प्रतिशत (३११) ले रु.५ सय देखि १ हजार सम्म, ६.०७ प्रतिशत (१४१) ले रु.२ सय देखि ५ सय सम्म र ०.५२ प्रतिशत (१२) ले रु.२ सय भन्दा कम तलब पाउने गरेको बताएका छन् । १८ बर्षभन्दा कम उमेरका बाल श्रमिकहरुको सवालमा भने मासिक तलब रु.१ हजार भन्दा बढी पाउने संख्या ३८.६३ प्रतिशत मात्र, तलब नपाउनेहरुको संख्या १२.६७ प्रतिशत र तलबको बारेमा थाहा नपाउनेहरु १३.८६ प्रतिशत रहेको पाइएको छ ।
- तलब प्राप्त गर्ने बताउने १६६० घरेलु श्रमिकहरुमध्ये ९०.७३ प्रतिशत (१५२६)ले नगद, ३.१५ प्रतिशत (५३) ले जिन्सि, ४.६४ प्रतिशत (७८) ले दुबै तथा ०.९५ प्रतिशत (१६)ले ऋण चुक्ताको रुपमा तलब प्राप्त गर्ने गरेको बताएका छन् ।
- तलब प्राप्त गर्ने घरेलु श्रमिकहरुमध्ये ७०.८७ प्रतिशतले मासिक रुपमा, १७.९० प्रतिशतले बार्षिक रुपमा, २.५६ प्रतिशतले दैनिक तथा ०.४८ प्रतिशतले साप्ताहिक रुपमा तलब प्राप्त गर्ने गरेको बताएका छन् ।
- तलब प्राप्त गर्ने बताउने १६६० घरेलु श्रमिकहरुमध्ये अधिकांशले आफैले (६३.८६ प्रतिशत) लिने गरेको बताए पनि, २६.६२ प्रतिशतको बाबुआमाले, ७.७७ प्रतिशतको परिवारका अन्य सदस्यले र १.६९ प्रतिशतको अन्य ब्यक्तिहरुले लिने गरेको बताएका छन् ।
- ७७.८८ प्रतिशत (१८१०) घरेलु श्रमिकहरुले मात्र विदाको सुविधा प्राप्त गर्ने गरेको बताएका छन् । यसरी विदाको सुविधा प्राप्त गर्ने घरेलु श्रमिकहरुमा १०० जनाले (४.३ प्रतिशत) साप्ताहिक, १९६ जनाले (८.४३ प्रतिशत) मासिक रुपमा, १३१७ ले (५६.६७ प्रतिशत) चाडपर्वको अवसरमा र ८६ जनाले (३.७० प्रतिशत) आवश्यक्ता परेको समयमा विदा प्राप्त गर्ने गरेको बताएका छन् ।
- काम गर्ने स्थानमा खानाको सुविधाबारे प्रश्न गर्दा ७१.३४ प्रतिशतले खाना राम्रो रहेको, १४.६३ प्रतिशतले ठिकै र ०.३० प्रतिशतले खानाको सुविधा नराम्रो रहेको बताएका छन् ।

- सर्वेक्षणमा सहभागी कुल २३२४ घरेलु श्रमिकहरुमध्ये १६३१ जना (७०.१८ प्रतिशत) साक्षर र ६९३जना (२९.८२ प्रतिशत) निरक्षर पाइएको थियो । १८ बर्ष भन्दा कम उमेरका १४२९ बाल श्रमिकहरुमध्ये ८६२ जना (बालिका ४५८/९०१ र बालक ४०४/५२८) विद्यालय गइरहेका, ७० जना (बालिका ६४/९०१ र बालक ६/५२८) अनौपचारिक कक्षामा अध्ययन गरिरहेका र ५ जना बालिकाहरु ब्यबशायिक सिप तालिममा सहभागी भइरहेको पाइएको थियो । बाँकी ३५७ बालिका तथा ११० बालकहरु कुनै पनि किसिमको शैक्षिक कार्यक्रमहरुमा सहभागी नभएको पाइएको छ । यो संख्या कुल बाल श्रमिकको संख्यामध्ये ३२.६८ प्रतिशत हो ।
- शैक्षिक कार्यक्रममा संलग्न ९३७ जना बाल श्रमिकहरुमध्ये ८३४ जनाको (८९ प्रतिशत) रोजगारदाताले, ३४ जनाको आफैले, ४२ जनाको अभिभावकले, १८ जनाको संघ संस्थाले र ९ जनाको अन्यले शैक्षिक खर्च ब्योहर्ने गरेका छन् ।
- कुल २३२४ जना घरेलु श्रमिकहरुमध्ये ५४४ जनाले श्रममा संलग्न भइसकेपछी विभिन्न स्वास्थ्य समस्याहरु आएको बताएका छन् । यो संख्या २३.४१ प्रतिशत हो । बाल श्रमिकहरुको सवालमा १४२९ मध्ये २८३ जना (१९.८० प्रतिशत) लाई श्रममा संलग्न भइसकेपछी स्वास्थ्य समस्याहरु आएको बताएका छन् । यसरी स्वास्थ्य समस्या आएको बताउनेहरुमा ७७ जनाले (१४.१५ प्रतिशत) आँखाको समस्या, १२ जनाले (२.२१ प्रतिशत) कानको समस्या, १४२ जनाले (२६.१० प्रतिशत) नाक र घाँटीको समस्या, १७५ जनाले (३२.१७ प्रतिशत) पेटको समस्या, २१ जनाले (३.७ प्रतिशत) नशाको समस्या र ११७ जनाले (२१.५१ प्रतिशत) अन्य विविध समस्याहरु आएको बताएका छन् ।
- घरेलु श्रमिकहरुको लागि आवश्यक पर्दा स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा रोजगारदाताहरुले नै यो सुविधा उपलब्ध गराउने गरेको पाइएको छ । कुल मध्ये ८३.९३ प्रतिशत (१९५१) रोजगारादाताले, आफ्नै श्रोतबाट १३.७९ प्रतिशत (३२०), अविभावकहरुले १.०६ प्रतिशत (२५) र बांकि विभिन्न संघसंस्था तथा सरकारी कार्यक्रलमहरुमार्फत यस्तो सेवा उपलब्ध भएको बताइएको छ ।
- सर्वेक्षणमा सहभागी १४२९ घरेलु बाल श्रमिकहरुमध्ये १०५३ जनाले (७३.६९ प्रतिशत) आफुले यो पेशा छाड्न र घर फर्किन चाहेको बताएका छन् । बांकी ३७६ जनाले (२६.३१ प्रतिशत) यसैमा आफुले निरन्तरता दिन चाहेको बताएका छन् ।
- यसरी घर फर्किन इच्छुक १०५३ घरेलु बाल श्रमिकहरुमध्ये ६४१ जनाले (४४.८६ प्रतिशत) आर्थिक आय आर्जन कार्यक्रम सहयोगको माग, ६८ जनाले (४.७६ प्रतिशत) पारिवारिक मनोविमर्शको माग, १४९ जनाले (१०.४३ प्रतिशत) रोजगारीका लागि ब्यबशायिक सिप तालिम, ३९३ जनाले (२७.५० प्रतिशत) शैक्षिक सहयोग माग गरेका छन् ।
- यस पेशा छाडेर घर फर्किन नचाहेका ३७६ जना बाल श्रमिकहरुले आफु घर फर्किन नचाहनुका पछाडी विविध कारणहरु औंल्याएका छन् । यस अन्तर्गत अत्यन्तै जिर्ण आर्थिक अवस्था ३५.३७ (१३३), घरेलु हिंसा १७.५५ (६६) र शहरी जिवनप्रतिको आकर्षण ४७.०७ (१७७) रहेको पाइएको छ ।

<u>घरेलु बाल श्रमिकहरुको अवस्था २००७ सँग तुलना गर्दा</u>

सन् २००७ मा सिविसले नै ६९४ जना उपत्यकाका १८ बर्ष भन्दा कम उमेरका घरेलु बाल श्रमिकहरुसँगको सर्वेक्षणको तुलनामा यस सर्वेक्षणले घरेलु बाल श्रमिकहरुको अवस्थामा केही क्षेत्रमा सकारात्मक परिवर्तन आएको देखाएको छ ।

- सन् २००७ मा १४ बर्ष भन्दा कम उमेरका घरेलु बाल श्रमिकहरु ४० प्रतिशत पाइएको थियो भने यस बर्ष यो संख्या ४८.७० प्रतिशत (६९६।१४२९) पाइएको छ ।
- जातीय आधारमा जनजाती समुदायबाट आएका बालबालिकाको संख्या ६९ प्रतिशत रहेकोमा यस बर्ष यो संख्या ५७ प्रतिशतमात्र रहेको छ । त्यस्तै दलित समुदायबाट गत बर्ष ३.६ प्रतिशत रहेकोमा यस बर्ष ३.२२ प्रतिशत रहेको पाइन्छ ।
- गत बर्ष विद्यालय तथा शैक्षिक अवसर प्राप्त गर्ने बाल श्रमिकहरुको संख्या २५.५ प्रतिशत पाइएको थियो भने यस बर्ष यो संख्या ६० प्रतिशत पुगेको छ ।
- गत बर्षको तुलनामा यस बर्ष बाबु आमाले नै काममा लगाइदिएका बचालबालिकाहरुको संख्या ४२ प्रतिशतबाट बढेर ५३ प्रतिशत पुगेको छ । त्यसैगरी आर्थिक गरिबिका कारणले श्रममा संलग्न हुन बाध्य भएको संख्या पनि ५३ प्रतिशतबाट बढेर ९५ प्रतिशत, शिक्षाको आश १९ प्रतिशतबाट बढेर ३३ प्रतिशत, घरेलु हिंसा ८ प्रतिशतबाट घटेर ५ प्रतिशत, द्वन्दका कारण बताउने संख्या ५ प्रतिशतबाट घटेर १ प्रतिशतभन्दाकममा आइपुगेको छ ।
- सन् २००७ मा ४२ प्रतिशत बाल श्रमिकहरुले ८ घण्टा भन्दा बढी समय, ३४ प्रतिशतले मात्र ६ घण्टासम्म काम गरेको पाइएको थियो । यस बर्ष दैनिक कार्यसमयमा ४५ प्रतिशत घरेलु बाल श्रमिकहरुले दैनिक ६ घण्टासम्म र १९ प्रतिशतले मात्र दैनिक ८ घण्टाभन्दा बढी समय काम गरेको पाइएको छ ।
- गत बर्ष तलब नपाएको बताउने बाल श्रमिकहरुको संख्या ४९ प्रतिशत रहेकोमा यस बर्ष ४० प्रतिशत बाल श्रमिकहरुले मात्र तलब नपाएको, थाहा नभएको वा यसबारेमा बताउन नचाहेको पाइएको छ । गत बर्ष ३० प्रतिशत बाल श्रमिकहरुले रु.५सय भन्दा कम तलब पाएकोमा यस बर्ष यो संख्या ७ प्रतिशत मात्र रहेको छ, १४ प्रतिशत बालश्रमिकहरुले मात्र १ हजार रुपियाँसम्म तलब पाएकोमा यस बर्ष ३८ प्रतिशत रहेको पाइएको छ । त्यसैगरी आफैले तलब बुझ्ने बालश्रमिकहरुको संख्या गत बर्षको ४२ प्रतिशतबाट बढेर ६४ प्रतिशत रहेको पाइएको छ ।
- गत बर्ष ५४ प्रतिशत बालश्रमिकहरुले काम छाडेर घर फर्किन चाहेको बताएका थिए भने यस बर्ष यो संख्या बढेर ७४ प्रतिशत पुगेको छ ।

**धन्यबाद !**

**थप जानकारीका लागि,**

सिविस (समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका)

चावहिल, काठमाडौं, नेपाल

पो. ब. नं. : २१४३३

फोन : +९७७-०१-४४७४६४५, २०६१२१३

इमेल : cwish@wlink.com.np

www.cwish.org.np